गोरखा नगरपालिका, शिक्षक छनौट समिति
गोरखा नगरपालिका- ८ डुम्रीडाँडा गोरखा

## शिक्षक करारमा पदपूर्तिको लागि दरखास्त आह्वान सम्बन्धी सूचना

गोरखा नगरपालिकाको शिक्षा ऐन २०७४ को दफा ३४ को उपदफा ८ मा भएको व्यवस्था अनुसार सामुदायिक विद्यालयहरुमा रहेका रिक्त शिक्षक (शिक्षण सिकाइ सहयोग अनुदान) पद पूर्ति गर्नुपर्ने भएकोले देहायको शर्त र परिधिको अधीनमा रही रितपूर्वक दरखास्त पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**१. रिक्त शिक्षक पदको किसिम, तह श्रेणी र विषयः**

**क. माध्यमिक तह** (शिक्षण सहयोग अनुदान)

| सि नं | रिक्त पदको किसिम | विषय | विज्ञापन नं | आवश्यक पद संख्या | विज्ञापनको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक | विज्ञान | ३०१/२०७८/७९ | २ | खुला | (शिक्षण सहयोग अनुदान) |
| २ | माध्यमिक | अंग्रेजी | ३०२/२०७८/७९ | १ | खुला | (शिक्षण सहयोग अनुदान) |
| ३ | माध्यमिक | गणित | ३०३/२०७८/७९ | १ | खुला | (शिक्षण सहयोग अनुदान) |

**२. उम्मेदवारको योग्यताः**

- सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी मावि तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्नेछ ।

**३. परीक्षाको किसिमः** लिखित (सामान्य र विषयगत ) र मौखिक

**४. परीक्षा केन्द्रः** गोरखा नगर कार्यपालिकाको कार्यालय, गोरखा ।

**५. परीक्षा दस्तुरः** माध्यमिक तहको लागि रु १०००।–

**६. दरखास्त दिने स्थानः** शिक्षा, युवा तथा खेलकुद शाखा गोरखा नगरपालिका ।

**७. प्रथम पटक विज्ञापन भएको मितिः** २०७८/०५/२९

**८. दरखास्त दिने अन्तिम मितिः** २०७८/०६ /१२

**९. सम्पर्क मितिः २०७८।०६।१२ गते ५.०० वजे पछि**

**१०. लिखित परीक्षाको मिति, समय र स्थानः** सम्पर्क मितिको दिन तोकिनेछ ।

**११. अन्तरवार्ताः** लिखित परीक्षाको नतिजा प्रकाशनसँगै मिति, समय र स्थान तोकिनेछ ।

**१२. दरखास्त फारामसाथ अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरुः**

- नेपाली नगरिकताको प्रमाणित प्रतिलिपि ।
- सम्बन्धित तहको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
- सम्बन्धित तहको अध्यापन अनुमतिपत्रको प्रतिलिपि ।

**१३. विज्ञापन सम्बन्धी थप जानाकारीहरुः**

- शिक्षक सेवा आयोग नियमावली संशोधन सहित, २०५७ को नियम १० बमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ ।
- विदेशी संस्थामा अध्ययन गरेको उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
- शिक्षक सेवा आयोगले पछिल्लो पटक संशोधन गरेको पाठ्यक्रम शिक्षक सेवा आयोगको वेवसाइट www.tsc.gov.np मा हेर्न सकिनेछ ।
- दरखास्त फारामको अग्र भागमा उम्मेदवारले आफ्नो नाम थर विज्ञापन नं. र आफूले परीक्षा दिने विषय, तह स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।
- कुनै उम्मेदवारले झुटा विवरण/ कागजात पेश गरेको पाइएमा निजको दरखास्त फाराम अस्वीकृत गरिनेछ । यदि त्यस्ता उम्मेदवारले नियुक्ति लिई सकेको भए नियुक्ति रद्द गर्ने तर्फ आवश्यक कारवाही गरिनेछ ।
- रित नपुगेको वा शर्त राखी कुनै पनि दरखास्त स्वीकृत गरिनेछैन ।
- दरखास्त फारम www.gorkhamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ साथै गोरखा नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाबाट पनि उपलब्ध गराइनेछ ।

शाखा प्रमुख

Scanned with CamScanner